




PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com



❖ वर्ष ३४ ❖ २०७८ साउन १४ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 29 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३३१

## पर्सा जिल्लामा इन्फ्लुएन्जा महामारी

नितेश कर्ण, वीरगंज, १३ साउन/

पर्सा जिल्लामा कोभिडको जस्तो लक्षण देखिने इन्फ्लुएन्जा ए र बी भाइरल भएको छ ।

करीब दुई सातादेखि इन्फ्लुएन्जा फैलिएको र अहिले यो भाइरल भएर प्राय: सबै घरपरिवार पीडित भएको नारायणी अस्पतालका डा. सरोजरोशन दास बताउँछन् । उनले अस्पतालमा उपचारका लागि दैनिक आउने रोगीमध्ये ९० प्रतिशत यही समस्याबाट ग्रसित हुने गरेको बताए ।

निजी क्लिनिकहरूमा पनि आउने बिरामीमध्ये १०–१५ जना यसै भाइरलबाट पीडित हुने गरेको उनले बताए । रूघा, खोकी, ज्वरो, नाक बग्ने, थकान र जीउ दुख्ने अनि कमजोरी महसूस हुने कोभिड जस्तो लक्षण देखा परिरहेको उनी बताउँछन् ।

अस्पतालमा इन्फ्लुएन्जा परीक्षणको सुविधा नभएकोले सरूवा रोग नियन्त्रण टेकुको प्रयोगशालामा पर्साका पाँच र धनुषाका तीनजनाको नमूना पठाइएको उनले बताए ।



नारायणी अस्पतालमा बिरामी र कुरुवाहरू । तस्वीरः प्रतीक

प्राप्त रिपोर्टमा पर्साका चारजनामा इन्फ्लुएन्जा तथा धनुषाका तीनजनामा इन्फ्लुएन्जा बी पुष्टि भएको छ ।

डा. दासले इन्फ्लुएन्जा भाइरल भएर घरघरमा पुगेपनि यसको राम्रो पक्ष पनि देखिएको बताए । राम्रो पक्ष के भने यो भाइरल विरुद्ध तीनदेखि पाँच दिनसम्म इन्टिबायटिक औषधी सेवन गर्दा निको हुने उनले बताए ।

नारायणी अस्पतालका कोभिड संयोजक डा. उदयनारायण सिंहले पनि अस्पतालमा अहिले कोभिडजस्तो लक्षण भएको इन्फ्लुएन्जाका बिरामी बढेको बताए । उनले अहिले दैनिक ५० देखि ९० जनाको स्वाब परीक्षण भइरहेको तर सङ्क्रमित भने नगण्य पुष्टि हुने गरेको बताए । अस्पतालमा कोभिडको पाँचजना सङ्क्रमित मात्र रहेकाले कोभिड बिरामी घटेको तर इन्फ्लुएन्जाका बिरामी ह्वात्तै बढेको बताए ।

## नारायणी अस्पतालको रिपोर्टमा ढिलाइ

प्रस, वीरगंज, १३ साउन/

जनताको सरकारी अस्पतालको रूपमा चिनिने नारायणी अस्पताल वीरगंजले बिरामीहरूलाई दुःख दिने गरेको छ । नारायणी अस्पतालको प्रयोगशालाले रगत, पिसाब, दिसालगायत विभिन्न खाले रिपोर्ट भोलिपल्ट दिंदा बिरामीहरूले सास्ती खेप्नुपरेको छ ।

पर्साको पूर्वी क्षेत्र वीरगंजमा रहेको अस्पतालमा १४ वटा पालिकाका सयौं बिरामी चर्को भाडा तिरेर आउँछन् तर त्यसै दिन रिपोर्ट हातमा नपर्दा उनीहरूले दोस्रो दिन पनि वीरगंज आउनुपर्ने बाध्यता छ ।

### पाँचजना सङ्क्रमित पुष्टि

नारायणी अस्पताल पिसिआर परीक्षणबाट बुधवार पाँचजना कोरोना सङ्क्रमित पुष्टि भएका छन् ।

नारायणी अस्पतालको पिसिआर ल्याबमा ७६ जनाको स्वाब नमूना सङ्कलन गरी परीक्षण गरिएकोमा पाँचजनामा पोजिटिभ देखिएको अस्पतालका कोरोना संयोजक डा उदयनारायण सिंहले बताए ।

पाँचजना सङ्क्रमित पर्साका हुन् र उनीहरूको उमेर ५ देखि ३४ वर्ष रहेको छ ।



नारायणी अस्पतालको प्रयोगशाला । तस्वीरः प्रतीक

पर्सा मुडलीकी बबितादेवीले बसबाट अस्पताल आएको र एक दिनमा रिपोर्ट नपाएपछि निराश भएर घर फर्किनुपरेको समस्या सुनाइन् । त्यसैगरी पोखरियाका सुरेशसाह कानूले पनि रिपोर्टमा ढिलाइ भएकोले चिकित्सकले औषधि नलेखेको र खाली हात घर फर्कनुपरेको दुःखेसो पोखे ।

नारायणी अस्पतालका कर्मचारीका अनुसार अहिले दैनिक डेढ सयदेखि दुई सय बिरामीहरू बहिरङ्ग सेवा लिन आइरहेकाले समस्या भएको बताए । उनले प्रयोगशालामा काम गर्ने कर्मचारी कम भएकाले पनि रिपोर्ट दिन ढिलाइ भइरहेको बताए ।

## पाम तेलको निर्यातमा रक्सौल कस्टमद्वारा बदमाशी

प्रस, परवानीपुर, १३ साउन/

भारत सरकारले नेपालबाट निकासी हुने खजुरको तेल अर्थात् पाम आयलको निर्यात खुला गरेको एक महीना बितिसक्दा पनि नेपालबाट भारतको विभिन्न राज्यमा पाम आयलको निर्यात हुन सकिरहेको छैन ।



तस्वीरः प्रतीक

रक्सौल कस्टमका भन्सार अधिकारीहरूले नेपाली व्यवसायीहरूसँग कमिशनमा बार्गेनिङ गरिरहेकोले यो ढिलाइ भइरहेको छ । वीरगंज उद्योग वाणिज्य सङ्घका एकजना पदाधिकारीका अनुसार भन्सारका कर्मचारीले पाम आयलको १ किलोमा रु २ को दरले घूस मागेकोले तेल निकासी हुन नसकेको हो । व्यवसायीहरूका अनुसार वीरगंज–पथलैया औद्योगिक करिडरका तीनवटा तेल उद्योगको करीब ५ ट्रक आइसिपीमा अडकिएको छ । भारतीय भन्सार कर्मचारीहरूसँग कुरा नमिल्दा तेलको निकासी हुन नसकेको व्यवसायीहरू बताउँछन् ।

"भारतीय कर्मचारीहरूले किलोमा पहिला रु १.२० कमिशन लिन्थे, अहिले बढाएर रु २ लिने भनिरहेका छन्"– एकजना व्यवसायीले भने, रु २ नजराना नपाएसम्म गाडी पास हुँदैन भनेर धम्की दिने गरेका छन् ।"

वीरगंजका व्यवसायीहरूले जुलाई १ देखि नेपालबाट पाम तेलको निकासी खुला भए तापनि सबैजनाले भारतको बिहार, उत्तरप्रदेश, झारखण्ड, मध्यप्रदेश, गुजरात, दिल्लीलगायत राज्यमा पाम तेलको नमूना पठाइसकेको र उताबाट

(बाँकी अन्तिम पातामा)

## वीरगंज अस्थायी उच्च अदालतमा मुद्दाको चाप

प्रस, वीरगंज, १३ साउन/

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले गत आवमा ४६ प्रतिशत मुद्दा फछ्र्यौट गरेको छ ।



तस्वीरः प्रतीक

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजका सूचना अधिकारी जयनारायण राय यादवका अनुसार आव २०७७–०७८ मा कुल ४ हजार २५९ मुद्दामध्ये १९४६ प्रकारको विभिन्न मुद्दा फछ्र्योट गरेको र २ हजार ३१३ मुद्दा अल्या भएर चालू आवमा दायित्व सरेको छ । गत आवमा २२७६ अल्या भएर आव २०७६/०७७ बाट मुद्दा आएको थियो भने १९८३ नयाँ दर्ता मुद्दा भएको उनले बताए ।

त्यसैगरी अघिल्लो आव २०७६–०७७ बाट बैंकिङ कसूर, राजस्व अपचलनसम्बन्धी (शुरू मुद्दा) ८६ वटा अल्या भएर र १७५ नयाँ मुद्दा गरी कुल २६१ मुद्दामध्येबाट ५८ वटा मुद्दा फछ्र्योट भएको थियो ।

त्यसैगरी पुनरावेदन क्षेत्र अधिकार अन्तर्गतको व्यक्तिवादी देवानी, सरकारवादी देवानी, व्यक्तिवादी फौज्दारी, सरकारवादी फौज्दारी गरी १८५८ वटा अघिल्लो आवबाट अल्या भएर आएको थियो भने गत आवमा ११४३ वटा मुद्दा दर्ता भएको थियो ।

कुल ३ हजार १ मुद्दामध्येबाट १३८३ वटा मुद्दा फछ्र्योट भएको थियो । त्यसैगरी रीट क्षेत्र अधिकार अन्तर्गत बन्दी प्रत्यक्षीकरण परमादेश, उत्प्रेषण, प्रतिशेत, अधिकारपृक्षा, निषेधाज्ञा गरी अघिल्लो आवबाट ३ सय ३२ अल्या भएर, ६६५ नयाँ दर्ता गरी कुल ९९७ वटा मुद्दाबाट गत आवमा ५०५ वटा फछ्र्योट भएको थियो । व्यक्तिवादी देवानीमा व्यक्तिको सम्पत्तिसँग सम्बन्धित, सरकारवादी देवानीमा सरकारको सम्पत्ति, देवानी दायित्वसम्बन्धी मुद्दा, व्यक्तिवादी फौज्दारी अन्तर्गतमा सामान्य प्रकारको सार्वजनिक अपराध, सरकारवादी फौज्दारीमा जघन्य अपराध, बन्दी प्रत्यक्षीकरण भन्नाले गैरकानूनी थुनासम्बन्धी सरकारले निश्शुल्करूपमा सेवा दिने मुद्दा, परमादेश भनेको आदेश, उत्प्रेषण (निर्णय बदर) प्रतिषेध कुनै काम गर्नबाट रोक्न, अधिकारपृक्षा अधिकारप्राप्त निकायबाहेक गर्न नपाउने, निषेधाज्ञा शीर्षकमा अर्थात् बाटो, भौतिक पूर्वाधार रोक्नलगायत शीर्षकमा मुद्दा दर्ता भएको थियो ।

## सवारी अनुमतिपत्र छपाइमा ढिलाइ, चार महीनादेखि छापिएर आएन

प्रस, वीरगंज, १३ साउन/

प्रदेश २ सरकारको भौतिक पूर्वाधार मन्त्रालय मातहतको यातायात व्यवस्था कार्यालय, वीरगंज लाइसेन्स शाखाले सेवाग्राहीलाई दुःख दिने गरेको छ ।

लाइसेन्सको परीक्षामा लिखित र प्रयोगात्मक परीक्षा पास गरे तापनि एक वर्षसम्म पनि लाइसेन्स नपाएको सेवाग्राहीको गुनासो छ । परीक्षा पास भएको एक वर्ष बित्दा पनि लाइसेन्स नपाउँदा सवारी सञ्चालनमा पनि उनीहरूले निकै सास्ती र ठाउँ–ठाउँमा ट्राफिक प्रहरीबाट चेकजाँच गर्दा दुःख भोग्नुपरेको सेवाग्राहीहरूले गुनासो गरेका छन् । सेवाग्राहीका अनुसार लाइसेन्स पास आउट भएर र रसीद काटिसकेको र कुनै बेला त्यो रसीद गोजीमा नहुँदा ट्राफिक प्रहरीले रु ५ सय जरिवाना लिने



यातायात व्यवस्था कार्यालय, वीरगंजमा सेवाग्राही । तस्वीरः प्रतीक

बाँकी अन्तिम पातामा

## यात्रीसँग मनपरी भाडा असुल्दै

बलिराम शुक्ला, बिरूवागुठी १३ साउन/

जीतपुर–रङ्गपुर जनता सडकमा चल्ने अटो र सार्वजनिक सवारीसाधनहरूले यात्रीसँग बढी भाडा लिने गरेका छन् ।

बडनिहारदेखि जीतपुर ७ किलोमिटर यात्रामा अटो रिक्सा तथा सार्वजनिक सवारीसाधनले यात्रीसँग रु ५० देखि ६० भाडा लिइरहेका छन् । त्यसैगरी मनवा बजारदेखि जीतपुर बजारसम्म १० किमी रहेकोमा सवारीसाधनले रु ८० देखि एक सयसम्म भाडा लिने गरेका छन् ।

जीतपुरदेखि रङ्गपुरसम्मको जनता सडक कालोपत्र भए तापनि अटो रिक्सा तथा सार्वजनिक भाडाका सवारीसाधनले पेट्रोल तथा डिजेलको मूल्य बढेको भन्दै चर्को भाडा लिने गरेको स्थानीय नन्दलाल चौधरीले गुनासो गरे । पर्साको ग्रामीण उत्तरी भेगका स्थानीयवासीहरू जीतपुर र वीरगंज आवतजावत गर्ने गर्छन् । यस भेगमा चल्ने सवारी साधनले यात्रीसँग मनपरी भाडा असुल्ने गरेको यात्रीहरूले गुनासो गरेका छन् ।

## विचारसार एवं सूक्तिहरू

**फलामलाई अरु केहीले होइन, आफ्नै खियाले नष्ट पार्छ, मानिसलाई पनि अरूले होइन उसकै अहङ्कारले नष्ट पार्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# प्रतिनिधिको अपराध कर्म

**कतिपय मतदाताको घरमा चामलको सिता नभएर चुलो बलेको छैन। तीनै मतदाताले चुनेका जनप्रतिनिधि भने रातहमा आएको खाद्यान्न समेत रातारात खाल्डो खनेर नष्ट गरिरहेका छन् । रौतहटको देवाही, गोनाही नगरपालिकामा पीडितका लागि उपलब्ध राहत सामग्री नगरपालिकाले खाल्डो खनेर गाडेको हो । कोरोना महामारी र निषेधाज्ञाले पीडित बनेकाहरूका लागि प्रदेश नं. २ सरकारले उपलब्ध गराएको चामल, खानेतेल, दाल, मसलालगायत राहत सामग्री रातको समयमा, नागरिकको नजरबाट छिपाउँदै खाल्डो खनी गाडियो। थाहा पाएपछि स्थानीयले विरोध गर्दा राहतको खाद्यान्न कुहिएर उपभोगयोग्य अवस्थमा नरहेकोले गाड्नु परेको पाकिला प्रमुखको जवाफ छ। पहिलो लहरको कोरोना महामारीमा प्रदेश सरकारले आठवटै जिल्लाका सबै पालिकाका लक्षित समुदायका लागि राहतस्वरूप खाद्यान्न उपलब्ध गराउन बजेट दिएको थियो । उक्त बजेटबाट पालिकाहरूले खाद्यान्न खरीद गरी लक्षित समुदायलाई वितरण गर्नुपर्ने थियो । दलित, असहाय, लकडाउनका कारण रोजगार गुमेका मजदूरहरूका लागि प्रदेशले बजेट पठाएको हो । कोरोना महामारीको कारण लकडाउन तथा निषेधाज्ञा शुरू भएपछि बेरोजगारी भई बिचल्लीमा परेका वर्ग तथा समुदायको लागि प्रतिपरिवार करीब एक महीनालाई पुग्ने खाद्यान्न राहत प्रदेश सरकारले व्यवस्था गरेको थियो । चुलो बल्न नसकेको अवस्थामा थोरै राहतले पनि ठूलै योगदान पुग्न सक्थ्यो ।**

**अघिल्लो वर्ष बाराको कलैयामा राहत वितरणको क्रममा सडेको चामल फेला परेपछि ठूलै विवाद भएको थियो । सो क्रममा पालिका अध्यक्ष तथा खाद्यान्न उद्योगका मालिक समेत प्रहरी खोरमा पुगे । शायद त्यही भएर रौतहटमा खाद्यान्न सडेको प्रमाण नष्ट गर्ने दुष्प्रयास गरिएको हुन सक्छ। आखिर कुकृत्य सार्वजनिक भएरै छोड्यो । राहतको निम्ति खरीद भएको खाद्यान्न उत्पादकले गुणस्तरहीन दिएको छ भने उत्पादक कारबाईमा पर्छ। यदि गुणस्तरयुक्त खाद्यान्न पालिकाले गुणस्तरहीन बनाएको छ वा गैरजिम्मेवारी देखाई वितरण नगर्ने र कुहाउने सडााउने गरिएको छ भने त्यस्ता जनप्रतिनिधिमाथि अधिकार दुरुपयोगको कारबाई हुनुपर्छ । लक्षित समुदायको लागि उपल्लो निकायले पठाएको सामग्री बीचमा रोकेर पीडितको हातसम्म पुग्न नदिनु र उनीहरूलाई संविधानप्रदत्त खाद्य अधिकारबाट वञ्चित गर्नु अमानवीय, घोर अन्याय र आपत्तिजनक कुरा हो । यस किसिमको अपराधमा कानूनीबाहेक नागरिकस्तरबाट हुने मूल्याङ्कन आवधिक चुनाव छँदैछ ।**

**पालिकाले राहत वितरण नगर्नुका विभिन्न कारण छन् । खरीद गर्नुपर्ने सबै रकमबाट राहत सामग्री खरीद नगरी अपूरो खरीद गरिएको छ र बजेट पनि पचाउनुपर्नेछ भने वितरण गर्न सकिंदैन । स्वाभाविक मूल्यभन्दा बढी खर्च भएको छ र त्यो खर्च मिलाउन सकिएको छैन भने पनि वितरणमा विलम्ब हुन्छ । अर्को कुरा कमिशन नआउने देखिएमा जनप्रतिनिधिहरूले काम गर्न चासो देखाउँदैनन् । त्यति पनि नभए पीडितको नाममा, आफ्ना आसेपासे, हुक्के, चिलिमे र हनुमानहरूलाई पोस्न मौकाको तलाश गरिरहने जनप्रतिनिधिहरूले पनि समयमा काम गर्न सक्दैनन् । किन भने उसलाई निष्पक्ष गर्नु नै छैन । रौतहटमा जे भयो त्यो जताबाट हेरे पनि अक्षम्य अपराध हो । कानूनी कारबाईको लागि अधिकारप्राप्त निकायको बेलै ध्यान जाओस् र अन्यलाई नसिहत प्राप्त होस् ।**

# बहुअध्यक्षीय प्रणाली

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**कामको प्रभावकारिता बढोस्, विवाद नआओस् भनेर बहुअध्यक्षीय प्रणालीको परीक्षण हुनु जरूरी देखिन्छ। यसतर्फ बौद्धिक वर्गको ध्यान जानु आवश्यक छ र बहुअध्यक्षीय प्रणालीबारे बहस चलाउनु आवश्यक छ।**

कुनै पनि संस्थाको प्रमुख भनेको त्यसको सर्वेसर्वा हो । यो मान्यता धेरै पहिलेदेखि रहँदै आएको छ तर समय क्रममा यसमा परिवर्तन हुन थालेको छ। अध्यक्षलाई नजीकबाट सहयोग गर्ने वा अध्यक्षको अनुपस्थितिमा अध्यक्षकै हैसियतमा काम गर्ने उपाध्यक्षको व्यवस्था हुन थालेको पनि धेरै भइसकेको छ । यसपछि बिस्तारै सचिवको व्यवस्था गरियो र यो अर्थ लगाइयो कि लेखापढीको काम सचिवले गर्दा बेस । यस व्यवस्थाले मान्यता प्राप्त गऱ्यो । सचिवलाई सहयोग गर्ने तथा सचिवको अनुपस्थितिमा सचिवको हैसियतमा काम गर्ने अर्को पद सहसचिव छ। यसैगरी अध्यक्षले एक्लै संस्थाको नेतृत्व प्रदान गर्ने, चौतर्फी काम हेर्नुपर्ने तथा संस्थाको हितलाई पनि विचार गर्नुपर्ने अवस्थामा आर्थिक प्रणालीतिर उचित ध्यान दिन नसक्दा कोषाध्यक्षको पद सिर्जना गरी कालान्तरमा सहयोगको लागि सहकोषाध्यक्ष पदको पनि सिर्जना भयो। कतिपय अवस्थामा सम्मानका लागि वा कतिपय अवस्थामा वास्तविक कामका लागि नै भए पनि अब सामान्यतया कुनै पनि संस्थाको परिकल्पना गर्दा यसरी अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष तथा सहकोषाध्यक्ष पद लगभग अनिवार्य भइसकेको छ। अझ धेरै ठूलो संस्था भएमा एकजना अध्यक्ष तथा सहअध्यक्ष वा कार्यकारी अध्यक्ष वा उपाध्यक्षमा अनेक व्यक्तिलाई स्थान दिने तथा त्यस अनुसार विभिन्न विभागको सिर्जना गरी ती विभागहरूको सम्पूर्ण कारोबार अध्यक्षको हैसियतले गर्नेगरी कार्य विभाजन गरिएको पनि पाइन्छ। यसैगरी अहिले त महासचिव, उपमहासचिव, सहमहासचिव, सचिव, सहसचिव, उपसचिव आदि पदहरू विभिन्न संस्थाले सिर्जना गरेको देखिन्छ। कोषाध्यक्षको सवालमा पनि यही लागू भएको देखिन्छ । यद्यपि प्रशासनिक, आर्थिक तथा अन्य कारोबार सम्बन्धित संस्थाको विधान अनुसार हुन्छ। कतिपय अवस्थामा असन्तुष्ट मानिसलाई सन्तुष्ट पार्न पनि विभिन्न पदको सिर्जना गरी स्थापित गर्ने गरिएको पाइएको छ ।

भारतको एउटा प्रान्तमा एउटा प्रतिष्ठित राजनैतिक दलले पार्टीको अध्यक्षमा एकजना चर्चित नेतालाई चयन गरेको छ। एकजना अध्यक्ष र यसपछि चारजना कार्यकारी अध्यक्ष पनि मनोनयन गरिएको छ। अध्यक्ष त स्वत: अध्यक्ष नै भइहाले, तर कार्यकारी अध्यक्ष भनेर चारजनालाई मनोनयन गरिएपछि यसले नवीन प्रवृत्ति विकास हुने सम्भावना देखिन्छ। त्यस क्षेत्रमा एकजना अध्यक्ष र त्यसपछि उपाध्यक्ष नराख्ने चलन छ वा एकजना अध्यक्ष र केही कार्यकारी अध्यक्ष राखेर अन्य थप उपाध्यक्ष हुने चलन छ भन्ने जानकारी त छैन, तर अध्यक्ष चाहिं आलङ्कारिक नभएर कार्यकारी हुने र आवश्यकतानुसार कार्यकारी अध्यक्ष राख्न सकिने नयाँ प्रवृत्तिको विकास हुने सम्भावना रहेको छ। यद्यपि नेपालमा पनि बहुअध्यक्षको अवधारणा कार्यान्वयनमा रहेको छ । विगतमा एउटा पार्टीमा छजना अध्यक्ष र हरेक अध्यक्षले केही निश्चित महीना पार्टीको बैठकको अध्यक्षता गरेको दृष्टान्त रहेको छ। सबै अध्यक्ष कार्यकारी नै हुने देखिएको थियो। यसलाई समग्रमा अध्यक्ष मण्डल पनि भनिएको थियो। अन्य दलमा पनि यस प्रकारको व्यवस्था भएको नेपालमैं देखिएको छ। देशकै ठूलो पार्टी भएको बेला नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का दुईजना अध्यक्ष थिए : खड्गप्रसाद ओली र पुष्पकमल दाहाल। घोषितरूपमा दुई अध्यक्षले पार्टीलाई सञ्चालन गरेका थिए। अहिले पनि एउटा पार्टीका दुई अध्यक्ष छन् । एकजना सङ्घीय परिषद् अध्यक्ष र अर्का केन्द्रीय कार्यकारिणी समिति अध्यक्ष रहेर पार्टी सञ्चालन गरिरहेको देखिएको छ। हालै विवादको उत्कर्षमा रहेको यस पार्टीमा उमेरको हिसाबले सबैभन्दा ज्येष्ठ कार्यकारिणी सदस्य रहेको नाताले बैठकमा अध्यक्षता ग्रहण गर्ने गरेको दृष्टान्त पनि नपाइएको होइन ।

नेकपा एमालेमा अहिले दुई अध्यक्ष हुने वा हुनुपर्ने चर्चा आइरहेको छ। लामो समयदेखि निकै विवादमा रहेको एमालेका दुई पक्ष करीब मिल्ने स्थिति र अवस्थामा पुगिसकेको दोस्रो तहका नेताहरू बताउन थालेका छन् । पहिले एक अर्काविरुद्ध कारबाईको शृङ्खला शुरू गरेका दुई समूहका नेताहरू अहिले आवश्यकता अनुसार पार्टीको सबै व्यवस्थापन गर्न सहमतिको विकल्प नरहेको बताउन थालेका छन्। कहिले कुन पक्ष आक्रामक त कहिले कुन पक्ष नरम भएर एमालेले सम्भवत: आन्तरिकरूपमा नै विवाद मिलाउन सफल हुने देखिएको छ । एमालेमा वरिष्ठ नेताद्वयलाई अध्यक्ष पद दिइने जुन समाचार आइरहेको छ, यसले अब देशका दलहरूमा बहुअध्यक्षीय प्रणाली लागू हुँदै गरेको वा बहुअध्यक्षीय प्रणालीतिर दलहरू जाँदै गरेको स्पष्ट देखिएको छ । देशमा हिन्दूवादी दलको पहिचान बनाएको एउटा पार्टीमा पनि अध्यक्ष तथा सहअध्यक्षको अभ्यास नभएको होइन। देशको सबैभन्दा पुरानो नेपाली काङ्ग्रेसमा अध्यक्षको सट्टा सभापति पद छ र सभापति एकजना मात्र निर्वाचित हुने व्यवस्था छ। पार्टीको सबैभन्दा ठूलो पद सभापति हुने तथा सभापति कार्यकारी प्रमुख हुने मात्र नभई पार्टीको सर्वोच्च हुने गरेको छ। पार्टीमा उपसभापतिको व्यवस्था त छ, तर बहुसभापतीय व्यवस्था यस दलमा छैन। वर्तमान सरकारको नेतृत्व गरेका शेरबहादुर देउवा पार्टी सभापति पनि हुन् र सरकार प्रमुख पनि । नेपाली काङ्ग्रेसमा सभापति पद नै एक किसिमले सर्वोच्च पद हुने गर्दछ । देशका अन्य दलहरू तुलनात्मकरूपमा निकै साना छन् र प्राय: दलमा एकल अध्यक्षीय प्रणाली रहेको देखिन्छ ।

देश र विदेशको असल अभ्यासको अनुकरण सर्वत्र हुने गर्दछ। पार्टीभित्रको विवाद मिलाउन बहुअध्यक्षीय प्रणाली निकै फलदायी हुने देखिन्छ तर यसले ग्रामीण समुदायमा रहेका विभिन्न सङ्घसंस्थामा कस्तो प्रभाव पार्ला ? यस विषयमा पनि अलिकति विश्लेषण हुनु आवश्यक छ । ग्रामीण समुदायमा औपचारिक र अनौपचारिकरूपमा अनेक संस्था कार्यरत छन् । मुख्य कार्यकारी पद अध्यक्ष हुने र अध्यक्ष पदको लागि सधैं विवाद हुने गर्दछ । सामान्यतया उपभोक्ता समितिमा पनि यही हुने गर्दछ। उपभोक्ता समितिमा एकजना अध्यक्ष र एकजना सचिव भएपछि अरूलाई कसैले केही नसोध्ने रहेछ। प्राय: काम सम्पन्न भइसकेपछि उपभोक्ता समितिका अन्य सदस्यहरू आफूलाई ठगिएको पाउँछन्। कतिपय एनजिओ तथा उपभोक्ता समिति वा क्लबमा अध्यक्ष पदको लागि झैंझगडा हुने भएर विवाद यति धेरै हुन्छ कि काम नै प्रभावित हुन्छ। यस्तो अवस्थामा बहुअध्यक्षीय प्रणालीले काम गर्ला कि ? अथवा एकभन्दा बढी मानिस अध्यक्ष हुने व्यवस्था सामान्य ग्रामीण तहसम्म यदि कार्यान्वयन हुन्छ भने कामको जिम्मेवारी सबैभन्दा बढी लिनेलाई अध्यक्ष वा कार्यकारी अध्यक्ष तथा सम्मान गर्नुपर्नेलाई सोझै अध्यक्ष वा कार्यकारी अध्यक्ष वा यस्तै केही अध्यक्ष पद दिन सकिन्छ । वा ठूलो जिम्मेवारी भएको कामको लागि एकभन्दा बढी व्यक्तिले समान कार्य गर्नुपर्ने तथा दुवै काम एकजनाले गर्न नसक्ने अवस्थामा दुईजनालाई अध्यक्ष बनाउन सकिने पनि हुन्छ। यस किसिमको बहुअध्यक्षीय प्रणालीले यस किसिमको व्यावहारिक कठिनाईलाई सम्बोधन गर्न सहयोग गर्ला कि ? यस विषयमा पनि समाजले अलिकति सार्थक बहस चलाउने समय आएको देखिएको छ। राजनैतिक क्षेत्रमा हुन्छ भने सामाजिक क्षेत्र वा जीवनमा पनि यसको अभ्यास गर्नु आवश्यक देखिएको छ।

एनजिओ वा क्लब गठन गर्न सरकारले तोकेको नियम वा खाका बमोजिमको कार्यकारिणी समिति गठन गर्नुपर्ने हुन्छ । स्थानीय तहमा गठन भइरहने सामान्य सामुदायिक संस्था तथा उपभोक्ता समितिहरूमा यस किसिमको अभ्यास सञ्चालन हुनु आवश्यक छ । प्रारम्भमा केही समयसम्म त यो पनि बोझजस्तै लाग्न सक्छ, तर बिस्तारै अभ्यास हुँदै जाँदा यो प्रभावकारी हुने देखिन्छ । पदका आकाङ्क्षी वा पदको अभावमा सम्मान हुन नसकेर बाहिर बस्नुपर्ने अवस्थाका आवश्यक व्यक्तिको व्यवस्थापन हुन सक्छ, जसले गर्दा काममा प्रभावकारिकता आउँछ । कामको प्रभावकारिता बढोस्, विवाद नआओस् भनेर बहुअध्यक्षीय प्रणालीको परीक्षण हुनु जरूरी देखिन्छ । यसतर्फ बौद्धिक वर्गको ध्यान जानु आवश्यक छ र बहुअध्यक्षीय प्रणालीबारे बहस चलाउनु आवश्यक छ।

# जनस्वास्थ्यका मापदण्ड लागू गरेर परीक्षा सञ्चालन गर्न निर्देशन

काठमाडौं, १३ साउन/रासस

प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिले कक्षा १२ को परीक्षा जनस्वास्थ्यका मापदण्ड पालन गरेर मात्र सञ्चालन गर्न निर्देशन दिएको छ।

समितिको आज बसेको बैठकले 'कोभिड-१९ को सङ्क्रमणबीच कक्षा १२ लगायत अन्य परीक्षा सञ्चालन र स्वास्थ्य मापदण्ड' विषयक छलफलमा जनस्वास्थ्यका मापदण्ड पूरा गरेर मात्र परीक्षा सञ्चालन गर्न निर्देशन दिएको हो।

समिति सभापति जयपुरी घर्तीले परीक्षा केन्द्रमा चिकित्सक, नर्स र औषधिको व्यवस्था गरेर मात्र परीक्षा सञ्चालन गर्नुपर्छ भने। "परीक्षार्थीलाई महामारीबाट जोगाउन जनस्वास्थ्य सम्बन्धी मापदण्ड लागू गरी परीक्षा सञ्चालन गर्नुपर्दछ"–उनले भने– "सङ्क्रमितका लागि छुट्टै कक्षा कोठाको व्यवस्था गरिनुपर्दछ।"

राष्ट्रिय परीक्षा बोर्डले यही साउन ३१ गतेदेखि कक्षा १२ को परीक्षा भौतिक उपस्थितिमा सञ्चालन गर्ने भएको छ। चार लाख परीक्षार्थीले चार हजार ३३५ परीक्षा केन्द्रबाट करीब ९० विषयको परीक्षा दिंदैछन्।

समिति सदस्य गिरिराजमणि पोखरेलले भौतिक उपस्थितिमा परीक्षा सञ्चालनका लागि शिक्षक र विद्यार्थीलाई खोप उपलब्ध गराउन जोड दिए। उनले माध्यमिक शिक्षा परीक्षा (एसइई) मा विद्यालयले आफैं आन्तरिक मूल्याङ्कन गरेर पठाउने क्रममा अनियमितता गरेकाले कार्यविधि परिवर्तन गर्न सुझाव दिए।

सदस्य विद्या भट्टराईले विद्यार्थीलाई भीडभाड नगरी परीक्षा दिन पाउने वातावरण बनाउनुपर्ने आवश्यकता औंल्याए। उनले परीक्षा केन्द्रित पढाइ भएकाले पठनपाठन शैलीमा परिवर्तन गर्नुपर्ने धारणा पनि व्यक्त गरे।

सदस्य मानबहादुर विकले एकै दिन एउटा मात्र परीक्षा गर्ने गरी तालिका बनाउन आग्रह गरे । अर्का सदस्य मनकुमारी जिसी, अञ्जना विशङ्खेलगायतले पनि विद्यार्थीलाई सङ्क्रमणबाट बचाउनेगरी परीक्षा सञ्चालन गर्न सुझाव दिए।

बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलियाले समितिले दिएको सुझाव अनुसार परीक्षा सञ्चालन गरिने बताए। उनले 'भर्चुअल' विधिबाट पढाइ भए पनि दुर्गम क्षेत्रमा इन्टरनेटको समस्याका कारण प्रभावकारी हुन नसकेको बताए।

**सङ्क्रमित विद्यार्थीले पछि परीक्षा दिन पाउने**

बोर्डका सदस्यसचिव दुर्गाप्रसाद अर्यालले विद्यार्थीलाई सङ्क्रमणबाट जोगाउन छुट्टै होम सेन्टरको व्यवस्था गरिएको र अहिलेको परीक्षामा सहभागी हुन नसकेका सङ्क्रमित विद्यार्थीले पछि परीक्षा दिने पाउने जानकारी दिए। "सङ्क्रमित भएर पनि परीक्षामा

(बाँकी तेस्रो पातामा)

## प्रदेश त केवल द्रष्टाजस्तो छ

पाठक प्रतिक्रिया

१२ गते प्रतीकमा वीरेन्द्रप्रसाद यादवको लेख 'प्रदेश २ को विकासमा प्रदेश सरकारको भूमिका' पढें । प्रदेश पनि मानव शरीरजस्तै हो जसका विभिन्न अवयव हुन्छन् । सबै अङ्गको तालमेलले शरीरको विकास हुन्छ र शरीर चलायमान हुन्छ।

तर मधेसको शरीर सग्लो छैन। यो सग्लो हुनु भनेको २२ जिल्ला हो जहाँ तीन ठूला नदी छन् । ८ जिल्ला एक तिहाई मात्र हो, अपाङ्ग हो। त्यसमा पनि समन्वय नहुँदा सडक बनाइन्छ र भत्काइन्छ। प्रदेश पञ्चायत व्यवस्थाको जिल्लासभामा खुम्चिएको छ । यसको राजस्वको ठूलो भाग केन्द्रमा जान्छ । कृषि यस प्रदेशको मेरुदण्ड हो । चुरे विनाशले यो मेरुदण्ड नै भाँचिएको छ। यसको उपचार प्रदेशबाट मात्र सम्भव छैन। पर्यटनको कुरा वाहियात हो । जनसङ्ख्या थाम्न सक्ने र विदेश पलायन रोक्ने परम्परागत कृषिमा सुधार हुन सक्नुपर्छ। औद्योगिक कृषि त पछिको कुरा हो। भएभरका उद्योग बन्द छन् । जो छन् तिनको उत्पादन गुणस्तरहीन भएर राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा खस्ताहाल छ । शिक्षा, स्वास्थ्य निजीकरणाको चङ्गुलमा छ। अत: प्रदेशको भूमिका एउटा तटस्थ द्रष्टाबाहेक केही छैन ।

**डा.शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## दक्षिण कोरियामा कोरोनाका सङ्क्रमितहरू बढ्दै

सोल १३ साउन/सिन्हवा

कोरोना भाइरस कोभिड–१९ को चौथो वेभ आइरहेको भनिएको दक्षिण जानकारी अनुसार यहाँ गएको २४ घण्टा यताको तथ्याङ्क हेर्दा कोभिड–१९ का सङ्क्रमितहरू एकै दिन अहिलेसम्मकै

यहाँका अधिकारीहरूले दक्षिण कोरिया कोभिड सङ्क्रमणको चौथो वेभमा प्रवेश गरेको दुई हप्ता अघि नै



दक्षिण कोरियामा महिलाको स्वाब नमूना सङ्कलन गर्दै स्वास्थ्यकर्मी । तस्वीरः सिन्ह्वा

कोरियामा कोभिड–१९ का सङ्क्रमितहरू दिन प्रतिदिन बढ्दै गएको पाइएको छ । यहाँ सङ्क्रमितहरूको सङ्ख्या बढेर हरेक दिन नयाँनयाँ रेकर्डमा पुगेको देखिएको छ । यहाँ गएको २४ घण्टामा पनि अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भेटिएका बताइएको छ ।

यहाँका अधिकारीहरूले मङ्गलवार १ हजार ८९६ जना कोरोना भाइरसका सङ्क्रमितहरू पाइएको बताएको समाचारमा जनाइएको छ । यो सङ्ख्या कोरियामा एकै दिनमा देखिएको अहिलेसम्मकै सबैभन्दा धेरै हो । दक्षिण कोरियाका अधिकारीहरूले दिएको सबैभन्दा धेरै सङ्ख्यामा भेटिएका हुन् ।

दक्षिण कोरियाको राजधानी सोलबाट प्राप्त समाचार अनुसार थपिएको यो सङ्ख्यासँगै सङ्क्रमितको सङ्ख्या १ लाख ९३ हजारभन्दा बढी पुगेको छ । यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरूले दिएको जानकारी अनुसार गएको २४ घण्टा यता यति धेरै सङ्क्रमित थपिएका हुन् ।

दक्षिण कोरियाका अधिकारीहरूले दिएको जानकारी अनुसार यहाँ गएको छ महीनापछि एकैपटक यति धेरै सङ्ख्याका सङ्क्रमित पहिलोपटक देखिएका हुन् ।

बताएका थिए । जसका कारण यहाँको सरकारले स्वास्थ्य मापदण्ड पालना गर्न कडाइ गरेको छ । अधिकारीहरूले यही जुलाई १ देखि देशैभर देखिएको सङ्क्रमितको सङ्ख्या देशव्यापी तथ्याङ्कको हिसाब गर्दा अघिल्ला महीनाको तुलनामा सङ्क्रमितहरू कम्तीमा पनि ५८ प्रतिशत बढेका छन् ।

कोरिया सरकारले यहाँ कोरोना विरुद्ध खोप अभियानलाई व्यापक बनाइएको जनाएको छ । पछिल्लो समयमा सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि खोप अभियान झन् तीव्र बनाइएको समाचार प्रेषण गरिएको छ । रासस

## डारफोरबाट संयुक्त राष्ट्रसङ्घीय मिशनका शान्ति सैन्य फिर्ता

संयुक्त राष्ट्रसङ्घ, १४ साउन/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घले डारफोरमा



रहेको मिशनबाट शान्ति सैनिक फिर्ता भएको जनाएको छ । सो कुराको जानकारी डारफोरमा रहेको संयुक्त राष्ट्रसङ्घ मिशनका लजिस्टिक प्रमुखले दिएका हुन् । डारफोरमा रहेको संयुक्त राष्ट्रसङ्घीय मिशनका लजिस्टिक प्रमुख अतुल खारेले मङ्गलवार सो जानकारी दिएका हुन् । उनले दक्षिण सुडानको डारफोरमा रहेको मिशनका सदस्यहरू हटेको जानकारी दिए ।

उनका अनुसार सो मिशनमा रहेका शान्ति सैन्य र अरू सबै कर्मचारी पनि त्यहाँबाट हटेको बताइएको छ । गएको १३ वर्षदेखि जारी हिंसाबाट त्यहाँका नागरिकलाई बचाउन संयुक्त राष्ट्रसङ्घीय मिशन शुरू भएको थियो । सो मिशनको अन्तिम समय सन् २०२० को डिसेम्बर ३१ सम्म मात्र थियो । तर हिंसा जारी नै रहेको हुँदा मिशन जारी रहेको थियो । तर मङ्गलवारदेखि मिशनका सबै सैनिक र कर्मचारी फिर्ता भएका छन् ।

जून ३० मा त्यहाँबाट ६ हजार प्रहरी र सैनिक फिर्ता भएका थिए । बाँकी शान्ति सैनिक, प्रहरी र अन्य कर्मचारीले पनि सुडान छोडिसकेका छन् । रासस

### जनस्वास्थ्यको...........

सहभागी हुन सक्ने परीक्षार्थीलाई अलग्गै कक्षा कोठाको व्यवस्था गरेका छौं–उनले भने–"ती विद्यार्थी परीक्षा शुरू भएको आधा घण्टापछि परीक्षा केन्द्रमा प्रवेश गर्नेछन् ।

अन्य विद्यार्थीको सकिएको आधा घण्टाको समयसम्म परीक्षा दिन पाउनेछन् ।" बोर्डले २०० भन्दा बढी विद्यार्थी भएका विद्यालयको परीक्षा केन्द्र दुईवटा हुने जनाएको छ ।

सदस्यसचिव अर्यालका अनुसार करीब चार लाख विद्यार्थी कक्षा १२ को परीक्षामा सहभागी हुँदैछन् । पचीस विद्यार्थी भएका विद्यालय एक हजार १००, २६ देखि ५० परीक्षार्थी भएका विद्यालय दुई हजार ३००, ५१ देखि १०० सम्म परीक्षार्थी भएका विद्यालय दुई हजार ४०० छन् भने ५०० परीक्षार्थी भएका विद्यालय कमै मात्र छन् ।

### प्रश्नपत्र अनलाइन र हातेप्रश्नपत्र

बोर्डले परीक्षाका लागि अनलाइनबाट पनि प्रश्नपत्र पठाउने भएको छ । नब्बे प्रतिशत विद्यालयमा अनलाइनबाट र अन्य विद्यालयमा हाते प्रश्नपत्र पठाइने भएको छ ।

हात र अनलाइनबाट पठाइएका प्रश्नपत्र भने फरक–फरक हुनेछन् । गत वर्ष ४० पूर्णाङ्कको मात्र परीक्षा भएकोमा यसपटक १०० हुने भएको छ ।








## एसइई नतीजा साउन २५ गतेभित्र सार्वजनिक

काठमाडौं, १३ साउन/रासस

राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले माध्यमिक शिक्षा परीक्षा (एसइई) को आन्तरिक मूल्याङ्कनको नतीजा यही साउन २५ गतेभित्र सार्वजनिक गर्ने भएको छ ।

यही साउन २५ गतेभित्र २०७७ को एसइई नतीजा सार्वजनिक गर्नेगरी अहिले तीव्ररूपमा काम भइरहेको परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) का परीक्षा नियन्त्रक रुद्र अधिकारीले बताए ।

सबै जिल्लाबाट विद्यार्थीको मूल्याङ्कन नतीजा आएर इन्ट्री सकेर नम्बर रूजु गर्ने काम भइरहेको बताउँदै उनले कुनै प्राविधिक कठिनाइ नआए आगामी शुक्रवारभित्र विद्यार्थीको नतीजा रूजु गरिसक्ने र त्यसको एक साताभित्र




तस्वीरः फाइल

नतीजा सार्वजनिक गर्ने उनले बताए । कार्यालयका अनुसार २०७७ सालको एसइई परीक्षाको लागि पाँच लाख १७ हजार विद्यार्थीले रजिस्ट्रेशन फारम भरेका थिए ।

दोस्रो लहरको कोभिड–१९ सङ्क्रमण बढ्दै गएपछि गरिएको निषेधाज्ञाका कारण गत वैशाख २७ गते एसइई परीक्षा स्थगित भएको थियो । गत जेठ १३ देखि भौतिकरूपमा एसइई परीक्षा सञ्चालन गर्नेगरी बोर्डले तालिका सार्वजनिक गरे पनि कोभिडकै कारण परीक्षा हुन नसकेपछि जेठ १७ गते बसेको मन्त्रिपरिषद् बैठकले आन्तरिक मूल्याङ्कनबाट नतीजा प्रकाशित गर्ने निर्णय गरेको थियो ।

बोर्डले एसइईको विद्यार्थी मूल्याङ्कन, नतीजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८ जारी गर्दै सैद्धान्तिकतर्फ कुनै पनि विषयमा ८० प्रतिशत वा सोभन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने विद्याथीको विषगत शिक्षकले के कारणले उक्त नम्बर दिएको हो भनेर कारण खुलाउनुपर्ने जनाएको छ । कोभिडकै कारणले २०७६ सालको एसइई परीक्षाको नतीजा पनि आन्तरिक मूल्याङ्कनबाट प्रकाशित गरिएको थियो ।

## मनवा बजार समिति गठन

प्रस, पर्सागढी, १३ साउन/

पर्सागढी नगरपालिका–१ र ९ को



तस्वीरः प्रतीक

बीचमा रहेको मनवामा बजार व्यवस्थापन समिति गठन भएको छ ।

समितिको अध्यक्ष जगत सहनी, उपाध्यक्ष सनोज वर्णवाल, कोषाध्यक्ष लालकुमार सहनी, सचिव गौरीशङ्कर तिवारी, सदस्य बेचन सहनी, राकेश लगायत छन् ।

कार्यक्रममा वडाध्यक्ष तुलाराम महतो, रामनारायणप्रसादलगायतको उपस्थिति थियो ।

## सिरहामा एक हजार ९१३ नयाँ उद्योग दर्ता

लहान, १३ साउन/रासस

सिरहामा आर्थिक वर्ष २०७७–७८ मा एक हजार ९१३ नयाँ उद्योग दर्ता भएका छन् ।

नयाँ दर्ता भएका एक हजार ९१३ मध्ये सबैभन्दा बढी कृषि तथा वन्यजन्यतर्फ एक हजार १२२, सेवा उद्योगतर्फ ६०५ र उत्पादन उद्योगतर्फ १८६ रहेको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ ।

कृषि तथा वनजन्य– पशु, माछा, कृषि उद्योगमा १०१८, पशुपालनमा ५४, कुखुरा पालनमा १७ नयाँ उद्योग दर्ता भएका छन् । सेवा उद्योगतर्फ कुटानी पिसानी ११५, होटेल ११०, निर्माण ९४, मोटरसाइकल मरम्मत ४५ र ढुवानीका ३५ उद्योग दर्ता भएका छन् । यो सङ्ख्या आव २०७६–७७ भन्दा बढी हो ।

आव ०७६–७७ मा सेवा उद्योगतर्फ ५३०, कृषि तथा वन्यजन्यतर्फ ४९० र उत्पादन उद्योगतर्फ १२७ गरी एक हजार १४७ नयाँ उद्योग दर्ता भएका थिए । योसँगै सिरहामा उत्पादन उद्योग एक हजार ६१२, कृषि तथा वनजन्य उद्योग दुई हजार ७७० र सेवा उद्योग चार हजार २३८ गरी घरेलु तथा साना उद्योगको सङ्ख्या आठ हजार ४७० पुगेको कार्यालयका प्रमुख दीपेन्द्रकुमार यादवले जानकारी दिए ।

नयाँ उद्योग दर्ताबाट रु एक करोड ८६ लाख ६६ हजार ३०० राजस्व सङ्कलन भएको जनाइएको छ ।

बैंक तथा वित्तीय संस्थाले घरेलु तथा साना उद्योगमा सहज ऋण लगानी गर्न थालेकाले कृषि तथा वनजन्य उद्योग खुल्ने क्रम बढेसँगै उद्योग दर्ता गराउनेको सङ्ख्या वृद्धि भएको प्रमुख यादवको भनाइ छ ।

आव २०७७–७८ मा उद्योग ६४ र १५५ घरेलु तथा साना उद्योगको लगत कट्टा भएको जनाइएको छ ।

### आजको राशिफल

| | |
|---|---|
| मेष — खर्चवृद्धि | वृष — धनलाभ |
| मिथुन — कर्मप्राप्ति | कर्कट — राज्यभय |
| सिंह — रोगभय | कन्या — नारीसुख |
| तुला — शत्रुभय | वृश्चिक — सुसमाचार |
| धनु — भयचिन्ता | मकर — मित्रमिलन |
| कुम्भ — धनखति | मीन — सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A13EY7LCL 82929, इन्जिन नं DKYCLL 69217 भएको प्रदेश नं. २–०३–००८ प ४७७६ नम्बर को बजाज, पल्सर २२० सिसीको कालो–नीलो रङ्गको मोटरसाइकल २०७८/०४/१२ गते अन्दाजी राति ११:०० बजे वीरगंज महानगरपालिका–१५ भिस्वास्थित घरको प्राङ्गणभित्रबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो. नं. नम्बर ९८४५०३२६५८ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ ।

– सन्तोषकुमार कुशवाहा
वीरगंज म.न.पा.–१५

## राजविराज नगरपालिकाको विद्युत् लाइन काटियो

राजविराज, १३ साउन/रासस

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रले बाँकी बक्यौता नबुझाउँदा राजविराज नगरपालिका कार्यालयको विद्युत् आपूर्ति लाइन काटेको छ ।




लामो समयदेखि विद्युत् महसुल नतिरेका उपभोक्ताको धामाधम लाइन काटिरहेको अवस्थामा प्राधिकरणले राजविराज नगरपालिकको जरिवानाबाहेक रु १६ लाख बाँकी रहेको भन्दै विद्युत् आपूर्ति काटेको हो । पटकपटक ताकेता र पत्राचार गर्दा पनि बेवास्ता गरेकाले कार्यालयको विद्युत् आपूर्ति बन्द गरी लाइन काटिएको वितरण केन्द्र राजविराजका प्रमुख आमोदप्रसाद यादवले जानकारी दिए । उनले भने–"दुई दिन अघि पनि बक्यौता बुझाउन पत्राचार गरेको र प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा भएको छलफलमा समेत जानकारी गराउँदा नगरपालिकाले बेवास्ता गरेकोले बाध्य भएर लाइन काट्नुपरेको छ, बक्यौता महसुल नबुझाएसम्म लाइन जोडिंदैन ।"

यता नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन थापाले प्राधिकरणद्वारा विद्युत् सेवा प्रदानका लागि नगर क्षेत्रमा गाडिएका विद्युतीय पोलबापतको भाडा नगरपालिकाले नलिएको र प्राधिकरणले पनि विद्युत् महसुल नलिने भन्ने विषयमा नगरपालिकाको तर्फबाट पहल भइरहेका बेला एक्कासि लाइन काटिनु उचित नभएको बताए ।

नगरपालिका स्थापना भएदेखि नै विद्युत् महसुल नबुझाएको नगरपालिकाबाट बुझिएको छ ।

एक्कासि लाइन काटिएपछि नगरपालिका कार्यालयबाट विद्युतीय प्रयोगबाट सञ्चालन हुने सबै सेवा ठप्प भएको बताइएको छ ।



यस वर्षको वर्षाले निरन्तर साथ दिएपछि धानबाली फस्टाएको छ। युरिया मल पनि बेलैमा किसानले पाएपछि धानबालीमा छर्दै निजगढका एक किसान। यस वर्ष धानबालीको उत्पादनमा वृद्धि हुने किसानहरूको विश्वास छ। तस्वीरः जीतलाल श्रेष्ठ

# धान खेतमा महिलाको शव

प्रस, सिम्रौनगढ, १३ साउन/

पचरौता, बारा वार्ड नं-३ रामनगरमा भर्खर रोपिएको धानको खेतमा एकजना महिलाको शव फेला परेको छ। बुधवार बिहान ६ बजे टोलका बासिन्दाले खेतमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

इलाका प्रहरी कार्यालय, सिम्रौनगढ बाट गएको प्रहरी टोलीले शव बुझी पोस्टमार्टमको लागि कलैया पठाएको इप्रका सिम्रौनगढका प्रहरी निरीक्षक दीपक सुवेदीले जानकारी दिएका छन्। आन्दाजी ४० वर्षीया महिलाको बायाँ हातमा उषादेवी लेखिएको छ।

बुधवार साँझसम्म शवको सनाखत हुन सकेको छैन।

घटनाबारे अनुसन्धान गर्न प्रदेश प्रहरी कार्यालय, जनकपुरबाट कुकुरसहित प्रहरी टोली घटनास्थलमा आइपुगेको प्रहरीले जनाएको छ।

# गाँजासहित १ जना पक्राउ

प्रस, निजगढ, १३ साउन।

निजगढमा अवैध गाँजासहित एक जनालाई बुधवार प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा निजगढ नपा-१२ रामथलीका ६२ वर्षीय शेरबहादुर जिम्वा रहेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ।

निजगढ-रतनपुर सडकखण्डको बीच जङ्गल क्षेत्र हुँदै रामथलीबाट निजगढतर्फ पैदल हिंडेर आइरहेका रहँदा प्रहरीले शङ्का लागी पिठ्युको झोला चेकजाँच गर्दा ५ किलोग्राम गाँजा बरामद भएको प्रहरी निरीक्षक शङ्करप्रसाद चौधरीले जानकारी दिए।

उनलाई इप्रका निजगढमा राखी थप अनुसन्धान भइरहेको छ। उक्त गाँजा बिक्रीका लागि लैजान लागेको प्रारम्भिक अनुसन्धानबाट खुलेको निजगढ प्रहरीले जनाएको छ।

छिमेकी मकवानपुर जिल्लाको चुरे क्षेत्रको भोगटे, चिसापानी, गडवान, ज्यामिरेलगायत बस्तीमा ठूलो परिमाणमा गाँजा खेती हुँदै आएपनि प्रहरीले पूर्ण रूपमा नष्ट गर्न तत्परता नदेखाउँदा उत्पादित अवैध गाँजा लुकाइछिपाइ बारा, निजगढतर्फ बिक्रीका लागि ल्याउने गरेका छन्।

# खेलकूदको संसार

## ओलम्पिकमा गौरिकाको राष्ट्रिय कीर्तिमान

काठमाडौं, १३ साउन/

जापानको टोकियोमा आयोजना भइरहेको ३२औं गृष्मकालीन ओलम्पिक अन्तर्गत पौडी खेलमा नेपालकी जलपरी गौरिका सिंहले राष्ट्रिय कीर्तिमान कायम गरेकी छन्।



गौरिका सिंह

टोकियो एक्वेटिक सेन्टरमा आज भएको खेलमा गौरिकाले महिलाको १०० मिटर फ्रिस्टाइलमा राष्ट्रिय कीर्तिमान कायम गरेकी हुन्।

एक सय मिटर फ्रिस्टाइलमा उनले एक मिनट ००.११ सेकेन्डको समय निकाल्दै राष्ट्रिय कीर्तिमान बनाएकी हुन्।

गौरिकाले प्रतिस्पर्धा गरेको हिट चरणमा चारजना खेलाडी थिए। जसमा उनी तेस्रो स्थानमा रहिन्।

यस स्पर्धामा उत्कृष्ट १६ खेलाडी मात्र सेमिफाइलनमा प्रवेश गर्नेछन्। पचास मिटरको लङ कोर्समा गौरिकाले आफ्नै नाममा रहेको कीर्तिमान सुधार गरेकी हुन्।

यस अघि उनको नाममा १:००.६२ सेकेन्डको राष्ट्रिय कीर्तिमान रहेको थियो।

ओलम्पिकमा गौरिकाको यो दोस्रो सहभागिता हो। यस अघि २०१६ मा गौरिकाले रियो ओलम्पिकमा सहभागिता जनाएकी थिइन्।

# हवाई मार्गबाट आवतजावत गर्नेको चाप बढ्यो

प्रस, वीरगंज, १३ साउन/

निषेधाज्ञा खुकुलो भएसँगै र



तस्वीरः फाइल/प्रतीक

आन्तरिक उडान सहज हुँदै गएपछि हवाईमार्गबाट सिमरा-काठमाडौं आवतजावत गर्नेहरूको चाप बढ्दै गएको छ।

पछिल्लो समय दैनिक १६ सयदेखि १८ सयजनाले सिमरा-काठमाडौं हवाईयात्रा गरिरहेको बताइएको छ। सिमरा नागरिक उड्डयन कार्यालयका प्रमुख वसन्त गौतमका अनुसार अहिले दैनिक विभिन्न कम्पनीको १२ वटा हवाई उडान भइरहेको छ।

जसमा बुद्ध एयरको १९ सिट, ४२ सिटको एक/एक उडान, ७२ सिटको ६ वटा उडान, यती एयरलायन्सको ७२ सिटको तीनवटा उडान र श्री एयरलाइन्सको ८० सिटको एउटा उडान गरी कुल १२ वटा उडान भइरहेको उनले जानकारी गराए। निषेधाज्ञाको कारण काठमाडौं र वीरगंज आसपास रोकिएका यात्रीहरू सहज र छिटो काठमाडौं-सिमरा पुग्न हवाई यात्रा रोजिरहेको उनको विश्लेषण छ।

उपचार, व्यवसाय, व्यापार, काम विशेषलगायत प्रयोजनका कारण हवाई मार्गबाट यात्रा गर्नेहरूको चाप बढेको उनले बताए। असार १७ गतेदेखि खुलेको आन्तरिक उडानपछि वर्षा र बाढी पहिरोका कारण पनि अधिकांश यात्री हवाईजहाजबाट नै काठमाडौं यात्रा गरिरहेका छन्। अहिले सिमरा-काठमाडौंको भाडा विभिन्न कम्पनीको रु २९ सयदेखि ३ हजारसम्म रहेको उनले बताए।

यात्रीको चाप बढेसँगै विमान कम्पनीहरूले करीब एक महीनादेखि भाडा तीन हजार राखेका छन् जबकि गत आवमा एक समयमा १३ सयदेखि १७ सयसम्म भाडा घटेको थियो।

# लायन्स क्लबद्वारा कारागारमा स्वास्थ्य सामग्री वितरण

प्रस, वीरगंज, १३ साउन/



तस्वीरः सौजन्य

लायन्स क्लब अफ वीरगंज संस्कृति गोल्ड र लायन्स क्लब अफ वीरगंज सेन्ट्रल सिटीको संयुक्त सहकार्यमा बुधवार वीरगंज कारागारमा स्वास्थ्य सामग्री वितरण भएको छ।

कारागारका कैदी बन्दीहरूलाई स्वास्थ्य सामग्री प्रदान गरिएको हो।

वितरित सामग्रीमा सर्जिकल मास्क, स्यानेटरी प्याड, साबुन, स्याम्पु, कपालमा लगाउने तेललगायत रहेको लायन्स क्लबका डिस्ट्रिक्ट एक्जुकेटिभ चिफ डि. एन. अग्रवालले जानकारी गराएका छन्। लायन्स क्लबले विगतका दिनमा पनि वीरगंज कारागारका कैदी बन्दीहरूका लागि विभिन्न सहयोग गर्दै आएको र आगामी दिनमा पनि त्यसलाई निरन्तरता दिने अग्रवालले बताएका छन्।

लायन्स क्लब अफ वीरगंज संस्कृति गोल्डका अध्यक्ष सुधाकार्की थापा र लायन्स क्लब अफ वीरगंज सेन्ट्रल सिटीका अध्यक्ष मीनादेवी टिबडेवालको संयुक्त अध्यक्षतामा सम्पन्न कार्यक्रममा लायन्स क्लबका डिस्ट्रिक्ट एडभाइजर पशुपति विक्रम शाह, डिस्ट्रिक्ट चेयरपर्सन उषा शाह, को-चिफ डिस्ट्रिक्ट एडभाइजर देव चौधरी, रामबिहारी पाण्डे, वीरगंज कारागारका प्रमुख कृष्ण गैरे, डिस्ट्रिक्ट डिपार्टमेन्ट मेम्बर विजय कुशवाहालगायतको सहभागिता थियो।

कार्यक्रमको सहजीकरण लायन्स क्लबका रिजन चेयरपर्सन विजया ओझैयाले गरेका थिए।

# महिला तथा बालबालिकासम्बन्धी मुद्दामा संवेदनशील हुन निर्देशन

प्रस, रौतहट, १३ साउन/

प्रदेश नं २ का प्रहरी नायब महानिरीक्षक उमेश रंजितकारले महिला तथा बालबालिकासम्बन्धी मुद्दामा अझ



तस्वीरः प्रतीक

संवेदनशील भएर कार्य गर्न निर्देशन दिएका छन्। आज जिल्ला प्रहरी कार्यालय, रौतहटको प्राङ्गणमा नवनिर्मित गोल भवनको उद्घाटन गर्दै उक्त निर्देशन दिएका हुन्।

महिला तथा बालबालिकासम्बन्धी मुद्दामा शतप्रतिशत सफलता हासिल नभए पनि कुनै एउटा मुद्दामा अपराधी उम्कन सक्यो भने प्रहरीको छविमा क्षति हुने भएकोले गहन अनुसन्धान जारी रहेको उनले बताए। महिला तथा जेष्ठ नागरिक सेवा केन्द्रमा मिलापपत्र गर्ने चलन बढी रहेकोले कानूनले अपराध मानेको मुद्दामा मिलापत्र नगरी मुद्दा दर्ता गर्नसमेत प्रहरी नायब महानिरीक्षक रंजितकारले स्पष्ट पारेका थिए।

बालविवाह न्यूनीकरण गर्न प्रहरी सदैव तयार रहेको बताउँदै शिक्षा तथा जनचेतनाको अभावका कारण बालविवाह हुने गरेको बताए।

प्रदेश नं २ मा अपराधको सङ्ख्या घट्दै गएको बताउँदै उनले प्रहरीले सद्भावपूर्ण वातावरणमा पीडितको समस्या सुन्न सुझाव दिएका थिए। प्रहरीले पीडितको समस्या सुन्न आलटाल गरे प्रहरीप्रति विश्वास घट्ने उनले बताए।

सत्य-तथ्य छानबीन गरी दोषीलाई कारबाईको दायरामा ल्याए प्रहरीप्रति जनविश्वास बढ्ने प्रहरी नायब महानिरीक्षक रंजितकारले बताएका थिए।




## पाम तेलको निर्यात....

भारतीय व्यवसायीको अर्डर आइसके तापनि रक्सौल भन्सारको कारण आफूहरू दोहोरो मर्कामा परेको बताए। नेपालबाट कुनै पनि तेल निर्यात हुँदा भारतीय भन्सारले ५ प्रतिशत जिएसटी शुल्क मात्र लिने गरेको छ। त्योभन्दा बढी पैसा लिन्छ भने त्यो आर्थिक अनियमितता हो। व्यवसायीहरूका अनुसार अहिले रक्सौल भन्सारले भारत र तेस्रो मुलुकबाट आउने मालसामान बोकेको गाडीसँग प्रतिगाडी रु १ हजार र तेल निर्यात गर्ने भारत पस्ने गाडीसँग प्रतिखेप रु २५ देखि ३० हजार नजराना माग गरिरहेको बताएका छन्।

यस विषयमा वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले यसबारे आफूलाई जानकारी नभएको र भारतीय भन्सार अधिकारीसँग बुझ्ने बताए।

रक्सौल भन्सारका कस्टम उपआयुक्त आशुतोषकुमार सिंहसँग कुरा गर्दा नेपाल-भारत व्यापार सन्धि अनुसार लाग्ने शुल्कबाहेक यदि कोही कर्मचारीले पैसा मागिरहेको छ भने आफूकहाँ आएर व्यवसायीहरूले गुनासो गरे सम्बन्धित कर्मचारीलाई कारबाई गर्ने आश्वासन दिए। यसबारे मलाई थाहा भएन, जुन व्यवसायीले गुनासो गरेका छन्, उनीहरूलाई एकपल्ट मकहाँ आएर गुनासो गर्न भन्नुस्, म कारबाई गर्छु-उनले भने।

## सवारी अनुमतिपत्र....

गरेको बताइएको छ।

यस विषयमा यातायात व्यवस्था कार्यालय, वीरगंज लाइसेन्स शाखाले पुरानो करीब २५ हजार लाइसेन्स छाप्न बाँकी रहेको बताएको छ।

कार्यालयका कर्मचारीका अनुसार छापिएर आएको ५ हजार लाइसेन्स निषेधाज्ञा खुकुलो भएपछि वितरण भइरहेको र छाप्न बाँकी लाइसेन्सको लागि पटक-पटक विभागलाई पत्राचार र ताकेता गर्दा पनि छपाइ भइरहेको छैन। एकजना अधिकृतका अनुसार विभागको लाइसेन्स छाप्ने मेशीनले नियमित काम नगर्ने र केही मेशीन बिग्रेकोले छपाइ हुन नसकेको जवाफ पाउने गरेको बताउँछन्।

त्यसैगरी लाइसेन्स शाखाको गत वैशाख दोस्रो सातादेखि गर्न भनिएको ट्रायल परीक्षा पनि रोकिएको छ। यातायात व्यवस्था विभागले चालू आवको लागि नयाँ नीति नियम र मापदण्डबाट ट्रायल परीक्षा दिनुपर्ने भएकोले त्यसको तयारी भइरहेको कर्मचारीहरू बताउँछन्।

ट्रायल परीक्षा गर्ने थलो भेहिकल एन्ड सोल्युशन प्रालिसँग चालू आवमा सम्झौता नवीकरण नभएकोले पनि नयाँ मापदण्डमा लाइसेन्सको ट्रायल हुन सकिरहेको छैन।